# दिप्रुङ चुइचुम्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याङसोलाटार, खोटाङ
कोशी प्रदेश नेपाल


प.स.२०८०/०८१

मिति:२०८०/०६/०९

सूचना न. ३८

"व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"

## उद्यम विकास सहजकर्ता सेवा करारको लागि दरखास्त पेश गर्ने बारे सूचना

(पहिलो पटक प्रकाशित मिति: २०८०/०६/०९)

दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकको मिति २०८०/०४/१५ गते बसेको बैठकको निर्णय तथा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५ अनुसार आ.व. २०८०/०८१ मा यस गाउँपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि यस कार्यालयलाई आवश्यक देहाय बमोजिम उद्यम विकास सहजकर्ता खुला प्रतिश्पर्धाबाट छनौट गरी सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले तोकिएको ढाँचामा तपसिलका कागाजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयको सामाजिक तथा आर्थिक विकास शाखामा वा कार्यालयको ईमेल ठेगाना diprungrmun2077@gmail.com मार्फत आवश्यक कागजात सहित रितपूर्वक दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | विज्ञापन नं. | पद | श्रेणी/तह | माग संख्या | छनौटको किसिम | सेवाको किसिम: | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| १. | ११/२०८०/०८१ | उद्यम विकास सहजकर्ता | सहायकस्तर चौथो | १ | लिखित, कम्प्युटर, सीप परीक्षण र अन्तर्वार्ता | अस्थायी (सेवा करार) | रु. ८०० |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव:

क) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सम्बन्धी डिप्लोमा कोर्ष उतीर्ण गरेको, वा

ख) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेको, वा

ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उतीर्ण गरेको।

सरोज
प्रमुख प्रशासकीय अधिकृत

घ) कम्तीमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सीप भएको ।

ङ) उमेरहदः महिलाः- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको। पुरुषः- १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको।

२. दरखास्त दिने अन्तिम मितिः २०८०/०६/२३

३. परीक्षा दस्तुर बुझाउने प्रक्रियाः सानिमा बैंक दिप्रुङ शाखा, ओखे, खोटाङ जिल्लामा रहेको आन्तरिक राजश्व खाता नम्बर ०७१०१००४००००१४ (DIPRUNG CHUICHUMMA GA. PA. GA 1.1 ANTARIK RAJASHWO KHATA) मा जम्मा गरी उक्त भौचर दरखास्त फारम साथ पेश गर्नुपर्नेछ।

४. दरखास्त फारमः यस कार्यालयमा सम्पर्क राखि वा कार्यालयको Website: www.diprungmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

५. दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (नेपाल बाहिरको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता तथा स्तर निर्धारणको प्रमाणित प्रतिलिपि)
- ३ (तीन) प्रति पासपोर्ट साइजको फोटो
- कार्य अनुभव सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि एवं परीक्षा दस्तुर बुझाएको रकमको रसिद वा भौचर

६. परीक्षा सम्वन्धी जानकारीः पछि प्रकाशन गरिनेछ

७. पारिश्रमिकः प्रचलित नियमानुसार

८. सम्पर्क मितिः सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समयभित्र र सो दिन सार्वजनिक बिदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन।

पुनश्चः थप जानकारीका लागि यस कार्यालयको कर्मचारी प्रशासन शाखा वा सम्पर्क न. ९८४३४२१९२६/९८०४८२९०१९/९८६२८१४००९ मा सम्पर्क राख्न सकिने छ वा यस कार्यालयको Website: www.diprungmun.gov.np मा हेर्न सकिने छ ।परीक्षाको कार्यक्रम उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ सम्बन्धी पाठयक्रममा आधारित हुनेछ। म्याद नाघि आएको र रित नपुगेको दरखास्त उपर कुनै कारबाही हुने छैन्।

(सरोज रेग्मी)

प्रमुख प्रशासकीय अधिकृत